# नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५

नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ को दफा ३ मा संशोधनः नेपाल इन्टरमोडल यातायात विकास समिति गठन) आदेश, २०५४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

(क) सचिव (बाणिज्य हेर्ने), उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि (सहसचिवस्तर), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य

(ग) महानिर्देशक, भन्सार विभाग -सदस्य

(घ) सभापति, नेपाल उद्योग, वाणिज्य महासंघ -सदस्य

(ङ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श -सदस्य

(च) अध्यक्ष, फ्रेइट फरवार्डस एसोसिएशन अफ नेपाल -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार समितिले तोके वमोजिम हुनेछ।"

३. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को उपदफा (२) र (६) मा रहेका "सचिव" भन्ने शब्दको सट्टा "सदस्य-सचिव" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को उपदफा (१) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "नेपाल सरकारले" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल आदेशको ठाउँ-ठाउँमा रहेको "श्री ५ को सरकार" भन्ने शब्दको सट्टामा "नेपाल सरकार" भन्ने शब्द राखिएको छ।

६. मूल आदेशको ठाउँ-ठाउँमा रहेको "अधिराज्य" भन्ने शव्दलाई हटाइएको छ।